# मोहन्याल गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड :-९** **संख्या :- १** **मिति:- २०८२/०३/०८**

## भाग- २

लैंङगिक समानता र सामाजिक समावेशीकरण नीति ,२०८२

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँ सभाले यो नीति तर्जुमा गरी जारी गरेकोछ ।**

संवत् २०८२ सालको नीति नं. १

लैंङगिक समानता र सामाजिक समावेशीकरण नीति ,२०८२

**आज्ञाले,**

**रुपेश कुमार शर्मा बराल**

**प्रमुख प्रशासकीय अधिकृत**

CamScanner

लैङगिक समानता र सामाजिक समावेशीकरण नीति ,२०८२

## अध्याय १

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

१.१ परिचय

नेपालको संविधान, २०७२ को भाग ३ मा मौलिक हक सम्बन्धी व्यवस्था गरीएको छ। मौलिक हकको भाग १६ मा सबैलाई सम्मान पूर्वक बाँच्न पाउने हकको व्यवस्था गरिएको छ। धारा १५ मा समानताको हक, धारा ३८ मा महिला हक को व्यवस्था गरिएको छ। जस अनुसार सबै नागरिकलाई समान व्यवहार गरिने र कुनै पनि आधारमा भेदभाव गरिने छैन ।

त्यसै गरी नेपाल राज्यले अवलम्बन गरेका नीतिहरुको व्यवस्था धारा ५१ मा गरेको छ। धारा ५१ मा सामाजिक न्याय र समावेशीकरणको नीति अवलम्बन गरिएको छ। तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी-जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पिडीतवर्ग अल्पसङ्ख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङगिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका महिला, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिकरूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विषेश व्यवस्था गर्न रोक लगाएको मानिने छैन। यसबाट नेपालमा वर्तमान समय समाजमा पछाडि परेका र पारिएका वर्ग रहेको र उनीहरुको उत्थानका लागि समानता र समावेशीकरणको नीति निर्माण गरी सोका आधारमा रणनीति बनाई कार्यक्रम निर्माण गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं बहु साँस्कृतिक देश हो । प्रत्येक समुदाय र जातजातिहरुको समानुपातिक सन्तुलित र न्यायसङ्गत प्रगति हुन सकेमात्र मुलुकका दिगो शान्ति विकासको प्रत्याभूति हुन्छ।

नेपालको संविधानको निर्देशक सिद्धान्त, मौलिक हकमा उल्लेख व्यवस्था अन्तगत पिछडिएका महिला दलित आदिवासी आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम उत्पीडित वर्ग अल्पसङ्ख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङगिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका महिला, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिकरूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण र विकासका लागि विषेश कार्यक्रम निर्माण गर्न खुला गरेको छ। नेपालको संविधानको धारा २९६ को उपधारा (१) को प्रयोग गरी स्थानीय सरकार



CamScanner

सञ्चालन ऐन २०७४ निर्माण गरी संविधान बमोजिम स्थानीय सरकारको अधिकारको कार्यान्वयन गर्ने तथा सङ्घ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्त्व एवम् समन्वय, प्रवर्द्धन, जनसहभागिता उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरी गुणस्तरीय सेवा प्रदान गर्नका लागि व्यवस्था गरिएको छ।

१.२ दीर्घकालिन सोच

जातीय, क्षेत्रीय एवम् लैङगिक भेदभाव मुक्त न्यायपूर्ण र समतामुलक समाजको निर्माण।

१.२ लक्ष्य

लैंङ्गिक एवं सामाजिक समतामलुक विकासको माध्यामबाट समतामलुक समाजको निर्माइ गरी आर्थिक अवस्थामा सुधार गरी गरिबी न्यूनीकरण गर्ने।

१.४ उद्देश्य

- गाउपालिका अन्तरगतका शाखा एवं मातहतका निकायहरुमा संस्थागत एवं कार्क्रयमगत रुपमा लैंङ्गिक तथा सामाजिक समावेशिकरणका विषयमा संवेदनशसल हुन प्रेरीरत गने।
- महिला, दलित, आदिवासी, जनजाती, उत्पीडित वर्ग, पिछडिइका वर्ग, अपागंता, जेष्ठ नागरीक, अल्पसंख्यकहरुको आवश्कता एवं अवस्था प्रति अझ वढो सम्बेदनशिल, उत्तरदायित्व एवं जवाफदेही रहन सरोकारवालको क्षमता विकास गने।
- स्थानीरय तहको विकासमा महिला, दलित, अल्पसंख्यक, किसान, श्रमिक, युवा, वालवालिका हरुको क्षमता विकास गरी विकास प्रक्रियामा अर्थपूर्ण र सक्रिय सहभागिता गराई समान र समावेशी विकास प्रक्रियालाई सुनिश्चित गर्ने ।
- सरोकारवालाहरु लाई आवश्यकता पहिचान वार्षिक एवं अर्धवार्षिक आवधसक योजना निर्माण कार्यक्रम तथा गने।
- लैंङगिक एवं सामाजिक समावेशि उत्तरदायी अवधारणलाई स्थानीय निकाय, गाउपालिकाले संस्थागत एवं कार्यक्रमगत रुपमा समावेश गरी संञ्चालित आयोजना र कार्यक्रममा सुनिश्चत एवं प्रभावकारी रुपमा लागु गर्ने।
- स्थानीय योजना तर्जुमा प्रक्रियालाई लैङ्गिक संवेदनशसल बजेट तर्जुमालाई (Gender Responsive Budgeting) प्रभावकारी कार्यान्वियन गने।



CamScanner

- यो नीति तथा रणनीतिको कार्यान्वयनले लैङगिक समानता र समावेशीकरण लाई पालिकास्तरमा कार्यक्रम लाई दिगो रुपमा मूल प्रवाहीकरण गर्न मदत गनेछ ।

## १.५ प्रमूख नीतिहरु

- सामाजिक एवं विकास प्रक्रियामा पछाडी परेका र पारीएका वर्ग, समुदाय र क्षेत्रको विकासका लागि कार्यक्रम कार्यान्वयन गरी समानुपतिक विकास गरिनेछ ।
- विकासलाई सामाजिक समावेशी एवं लैङ्गिकीरण गर्दै लगिनेछ ।
- महिला, बालबालिका, आदिवाशी, दलित, पिछडीएका वर्ग, अपागंता, एवं लैंगिक अल्पसंख्यक Sexual Gener Minority-LGBTIQ) एवं विपन्न वर्गको सशक्तीकरण गदै लगिनेछ ।
- विकास निर्माण एवं नीति निर्माणमा महिला बालबालिका आदीवासी दलित पिछडीएका वर्ग एवं बिपन्न वर्गको समानुपातिक एवं अर्थपूर्ण सहभागिताका लागि कार्य गरिनेछ ।
- महिला बालबालिका आदीवासी दलित पिछडीएका वर्ग मानबधिकारका क्षेत्रमा नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्र संघीय एवं अन्तराष्ट्रिय प्रतिवद्धता एवं घोषणापत्रका प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- विकास निर्माण तथा मानवीय कर्यहरुको सम्पादन गर्दा लैससासलाई मुख्य विषयका रुपमा अनिवार्य समावेस गर्ने ।
- महामारी आपतकालिन अवस्था प्राकृतिक प्रकोप प्रकोपको पूर्व तयारी एवं उद्धार कार्यमा लैससासको पक्षलाई समेत कार्यान्वयन गर्ने ।
- पालिकाबाट संचालित कार्यक्रम र आयोजनाहरुमा सामाजिक एवं लैङगिक व्यवस्था गर्ने ।
- लैङ्गिक बजेटलाई संस्थागत गर्ने ।
- लैङगिंक समानता र महिला सशक्तिकरणका कार्यक्रमहरु संञ्चालन गर्ने ।
- वालिका किशोरी विकास कार्यक्रमहरुलाई महत्वका साथ संस्थागत गर्ने ।
- गाउपालिकाका संरचना निर्माण गर्दा लैङ्गिक एवं अपाङ्ग मैत्री संरचना निर्माण प्रक्रिया लाई संस्थागत गर्ने

  पालिकाको प्रशासनिक र विकास कार्यको कार्यान्वयनका कोही पछाडी नपरोस नीतिका (NO one Behind Policy) अबलम्बन गर्ने ।



CamScanner

## १.६ रणनीतिहरु

लैंगिक समनता र सामाजिक समावेशीकरण मूलप्रवाहीकरणका लालग अलगै कार्य गेरर सम्भव छैन । यसको लागि विकेन्द्रीकृत शासन प्रणाली संस्थागत संयन्धको आवश्यकता र प्रभावकारी सेवाको आवश्यकता पर्छ । लैंगिक समानता र सामाजिक समावेशीकरण लैससास) लाई सम्बोधन गर्न विकेन्द्रीकरण सहभागितात्मक विकास र बहसका माध्यामबाट कार्यान्वयन गर्न सकिन्छ। यस रणनीतिमा पालिकाको कार्यक्रम समग्र संरचना र कार्यक्रम सुधार गर्न चाहका क्षेत्र र कार्य प्रणालीलाई अझ बढी लैङ्गिक र सामाजिक समावेशीकरण बनाउन आवश्यक व्यवस्था गरिएको छ।

यस गाउपालिकामा लैङ्गिक समानता र सामाजिम समावेशीकरणका रणनीतिहरु निम्नानुसार रहेका छन्।

१. गाउँपालिका क्षेत्रमा विकास प्रक्रियामा सबै सामाजिक समुहहरुको अधिक सहभागिता सुनिश्चित गर्ने।

२. गाउँपालिकाको न्यायोचित रुपमा उपयुक्त वित्तिय स्रोतहरुमा पहुँच वृद्धि गर्ने।

३. गाउँपालिकाको वडा र समुदाय क्षेत्रमा लैङ्गिक तथा सामाजिक विभेद कम गर्न सामुदायिक सचेतना र शसक्तिकरको निम्ती सामुदायिक संस्थाहरु महिला दलित अपाङ्गता भएका लैङ्गिक अल्पसंख्यक बालबालिका आदिबासी र जनजाती समुहबाट प्रतिनिधित्व हुनु पर्ने र ३३प्रतिशत महिला सुनिश्चित गर्ने।

४. लैससासका निम्ती संस्थागत र व्यक्तिगत क्षमता विकासका क्षेत्र पहिचान गरी कार्यक्रम कार्यान्वयन गर्ने
।

५. गाउँपालिकाको सेवा प्रवाह गर्ने संयन्त्र लैङ्गिक समानता तथा सामाजिक समावेशी हुने गरी सुधार गर्ने
।

६. गाउपालिका सँग सम्बन्धित विभिन्न नीतिहरुको लैससास का दृष्टिकोणले पुनरावलोकन गर्ने।

७. केन्द्रिय एवं प्रदेश सरकारबाट कार्यक्रम माग गर्न एवं संचालन गर्न पालिकाको क्षमता विकास गने।



CamScanner

**रणनीति १: गाउँपालिका क्षेत्रमा विकास प्रक्रियामा सबै सामाजिक समुहहरुको अधिक सहभागिता सुनिश्चित गर्ने खालको संस्थागत संरचना प्रतिनिधीत्व प्रणाली र कार्यक्षेत्रषत निर्धारण गर्ने ।**

**गाउपालिका भित्र रहेका प्रत्यक वडाहरुमा र प्रत्येक समुदाय र टोलहरुमा वडास्तरी र समुदाय स्तरबाट टोलस्तरमा समुह र संस्थाहरुलाई सुदृढ गर्दै लैजाने ।**

| एकाई | संस्थागत संयन्त्र | प्रतिनिधित्व |
|---|---|---|
| गाउपालिका | सुपरिवेक्षण तथा अनुगमन समिति | स्थानीय सरकार संचालन एन २०७४ अनुसार गठन हुने अनुगमन समिति । समितिमा सामुदायिक संस्थाहरु मा महिला, बालबालिका, दलित ,आदिबासी, जनजाती अपाङ्गता भएका सेवाग्रही ,राजनीतिक दलका प्रतिनिधी ,गैसस, पत्रकार ,बौद्धिक व्यतित्व, स्थानीय सामाजिक कार्यकर्ताहरु ,नागरिक समाज र सरोकारवालाहरुको प्रतिनिधित्वको व्यवस्था मिलाइनेछ । |
| गाउँपालिका | एकीकृत योजना तर्जुमा समिति | • महिला ,बालबालिका तथा अन्य वन्चितीकरणमा परेका समुहहरुको प्रतिनिधित्वको व्यवस्था मिलाइनेछ ।<br>• महिला संगठनका प्रतिनिधिहरुको प्रतिनिधित्व गरिने<br>• गैसस सामुदायिक संस्था दलित आदिवासी आफ्नो प्रतिनिधि छनौट गरी प्रतिनिधी पठाउने छनोट विधी तयार गरिनेछ ।<br>• वन्चितीकरणमा परेका समुदायको आफ्नो प्रतिनिधी चयन गरी प्रतिनिधी पठाउने छनोट विधी तयार गरिनेछ<br>• |



CamScanner

| | | |
|---|---|---|
| वडा | सामुदायिक संस्थाहरु | • सामुदायिक संस्था वा समुदायभित्र अन्य वन्चितीकरणमा परेका समुहहरुको र सरोकार वाला मध्ये बाट कम्तिमा २१ जना सम्मको प्रतिनिधित्वको रहेको व्यवस्था मिलाइनेछ ।<br>• गैसस, सामुदायिक संस्था ,दलित ,आदिवासी आफ्नो प्रतिनिधि छनौट गरी प्रतिनिधी पठाउने छनोट विधी तयार गरिनेछ ।<br>• सामुदायिक संस्थाहरुको क्षेत्रभित्र नपरी छुट्न गएकाहरुको प्रतिनिधित्वको व्यवस्था मिलाइनेछ । |

सामुदायिक संस्था र एकीकृत योजना तर्जुमा समितिको कार्यक्षेत्र तपशिल अनुसारक हुनेछ ।

| एकाई | कार्यक्षेत्र |
|---|---|
| सामुदायिक संस्थाहरु | • सामुदायिक संस्थाहरु तथा सुपरीवेक्षण तथा अनुगमन समितिलाई अनुगमनका लागि संस्थाहरु आफ्नो गाउमा महिला तथा वन्चितीकरणमा परेका व्यक्तिहरुको स्थिति जस्तै लैङ्गिक हिंसामा आधारित हिंसा ,पोषण तथा प्रजनन् स्वास्थ्य तथा विभेदयुक्त प्रचलनबारे सूचना प्रदान गर्ने ।<br>• लैससासको दृष्टिकोणबाट सकारात्मक विभेदको दृर्ष्टि राखी योजनाको कार्यान्वयनमा समन्वय गर्नुका साथै अनुगमन गर्ने<br>• महिला ,बालबालिका तथा बन्चितिमा परेकाहरु कार्यक्रम कार्यान्वयनबाट कार्यक्रम कार्यान्वयनबाट कत्तिको लाभान्वित भएकाछन् भनेर अनुगमन गर्ने र वडामा संचालन भई रहेको विभिन्न आयोजनाहरुको समन्वयमा सहजकारी भूमिका निर्वाह गर्ने ।<br>• लैससास सम्बेदनशिल मापदण्ड एवं प्रक्रियामा आधारित उपर्युक्त प्राथमिकीकरण विधिलाई उपयोगमा ल्याउने । |



CamScanner

| | |
|---|---|
| | • योजना प्राथमीकीकरणमा महिला बालबालिका तथा बन्चितिमा परेकाहरुको आवश्यकता र चाहना कत्तीको समाबेस हुन सक्यो हेर्ने ।<br>• गाउँसभाका लागि आफ्ना प्रतिनिधी पठाउने । |
| वडाका रहेका बस्ती समुदायहरु | • योजनाहरुमा समुदायमा रहेका नागरिकहरुसँग खुल्ला छलफल गर्ने ।<br>• सहभागितात्मक योजना तर्जुमाबाट आएको प्राथमिकता सहितको योजना प्रस्ताब एकीकृत योजना तर्जुमा समितिमा पेश गर्ने । योजना कल्याणकारी खालको छ वा रणनीति आवश्यकता पुरा गर्ने खालको छ त्यसलाई मध्यनजर गरी प्राथमिकता निर्धारण गर्ने ।<br>• समुदाय बस्तीहरुमा समन्वय गरी समुदायका नागरिकहरुलाई सक्रिय सहभागिता गराई उनीहरुको आवाज सुनुवाईहुने व्यवस्था मिलाउने ।<br>• सरकारी निकाय तथा गैसस निकायका कार्यक्रम लैससास संवेलनशिल बनाउन वकालत गर्ने ।<br>• अति आवश्यक क्षेत्र र मानिसका लागि विषयतग निकायबाट सेवाको प्रावधान मिलाउन सहजीकरण गर्ने ।<br>• गाउँपालिकाको कार्यक्रम तथा बजेट तर्जुमाका साथै क्षेत्रगत सेवाको पहिचान गर्न सम्पनता स्तरीकरण जस्ता विधिहरुको अवलम्बनमा सुनिश्चितता ल्याउने |
| एकीकृत योजना तर्जुमा तथा समिति | • गाउपालिकामा एकीकृत योजना तर्जुमा समिति गठन गर्ने व्यवस्था मिलाउने र यस समितिमा विभन्न वर्ग समुदायको प्रतिनिधित्व गराउने ।<br>• गाउपालिकाका विपन्न वर्ग ,गरिब, पछाडी पारिएका समुदाय ,एवं सरोकारवालाका लागि बजेट छुट्याउन प्रस्ताव गर्ने<br>• योजना प्राथमिकता गर्दा महिला, बालबालिका, दलित ,आदिबासी, जनजाती अपाङ्ग हरुको आवश्यकता र चाहना अनुरुपका कार्यक्रमलाई प्राथमिकता दिने<br>• लैससासको पक्षबाट योजना समावेश भए नभएको यकिनगर्ने |



CamScanner

| | |
|---|---|
| | • स्थानीय निकायमा मानिसहरुको आवश्यकता सम्बोधन हुने व्यवस्था मिलाउने<br>• समावेशी योजना तर्जुमा र प्राथमिकताको क्रम निर्धारण गरिएका योजनाहरुको गाउसभामा पेश गरिएको सुनिश्चित गर्ने ।<br>• लैससासको दृष्टिकोणबाट सकारात्मक विभेदको मान्यता राखी योजना तर्जुमा गर्ने ।<br>• पालिकाले निर्धारण गरेका प्राथमिकीकरण गरी पालिकामा सिफारिस गर्ने । |
| सुपरीवेक्षण तथा अनुगमन समिति | • स्थानीय सरकार संचालन एन २०७४ अनुसार संघीय प्रदेश र स्थानीय तह वीच सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवद्धन गर्दै जनसहभागिता ,उत्तरदायित्व पारदर्शिता ,सुनिश्चित गरी सुलभ र गूणस्तरीय सेवा प्रवाह गर्न एवं महिला ,बन्चितिमा परेका समुदाय र सरोकारवालाहरुको प्रतिनिधित्व गरी समिति तयार गरिनेछ ।<br>• यस समितिको कार्यक्षेत्र तपशिल बमोजिम रहेको छ ।<br>• लैससासको दृष्टिकोणबाट सकारात्मक विभेदको मान्यता राखी योजना कार्यान्वयनमा समन्वय एवं अनुगमन गर्ने<br>• महिला बालबालिका र वन्चीतीमा परेकाहरु कार्यक्रम कार्यान्वयनबाट कत्तीको लाभान्भित भएका छन् अनुगमन गर्ने । |

**रणनीति २. गाउँपालिकाको न्यायोचित रुपमा उपयुक्त वित्तिय स्रोतहरुमा पहुँच वृद्धि गर्ने ।**

- स्थानीय सरकार संचालन एन २०७४ मा व्यवस्था भए अनुसार महिला बालबालिका र वन्चीतीमा परेका समुदायहरुलाई केन्द्रमा राखी योजना तर्जुमाका क्रियाकलाप गर्ने र सोको अनुगमनको प्रभावकारी मुल्याङकन गर्ने ।
- विभिन्न बर्गको अवस्था विश्लेक्षण गरी आवश्यकताका आधारमा बजेट व्यवस्था गर्ने ।
    i. लैससास लाई दृष्टिगत गरी बजेट व्यवस्था गर्ने ।
    ii. आवश्यक विश्लेक्षणका लागि सो अनुसार फारम र चेक लिस्ट तयार गरी प्रयोग गर्ने ।
    iii. बजेटको व्यवस्था गर्दा आवश्यकतालाई सम्बोधन गर्ने खालको भए नभएको मापन गर्ने र पृष्ठपोक्षण प्रदान गर्ने ।



CamScanner

iv. संचालित कार्यक्रम र आइवजनाहरुको सुपरीवेक्षण एवं मुल्याङकन गर्ने ।

v. समभागितात्मक समिति निर्माण गर्ने जसमा वन्चितीमा परेका समुदायहरुको प्रतिनिधित्व सुनिश्चित गर्ने ।

vi. स्थानीय सरकार संचालन एन अनुसार अनुगमन एवं सुपरीवेक्षण समिति गठन गरी सुपरीवेक्षण एवं मुल्याङ्कन गर्ने ।

**रणनीति ३.**

**गाउँपालिकाको वडा र समुदाय क्षेत्रमा लैङ्गिक तथा सामाजिक विभेद कम गर्न सामुदायिक सचेतना र शसक्तिकरको निम्ती सामुदायिक संस्थाहरु, महिला, दलित ,अपाङ्गता भएका ,लैङ्गिक अल्पसंख्यक ,बालबालिका ,आदिबासी र जनजाती समुहबाट प्रतिनिधित्व हुनु पर्ने र ३३ प्रतिशत महिला सुनिश्चित गर्नु पर्ने छ। वन्चितिमा परेका नागरिक सर्वसाधारण महिलाहरुको ज्ञानमा अभिवृद्धि गर्ने ।**

**रणनीति ४ लैससास का निम्ती संस्थागत र व्यक्तिगत क्षमता विकासका क्षेत्र पहिचान गरी कार्यक्रम कार्यान्वयन गर्ने ।**

- गाउपालिका विषयगत शाखा विभिन्न समिति तथा सरकारी निकायका कर्मचारीहरुलाई लैससास को अवधारणा बारे प्रशिक्षण दिने
- वडा कार्यालय प्रमुख राजनैतिक दलका प्रतिनिधीहरुलाई लैससास अवधारणा बारे प्रशिक्षण दिने ।
- अन्तरक्रयान्मक कार्यक्रमा संचालन गर्ने

**रणनीति ५ गाउँपालिकाको सेवा प्रवाह गर्ने संयन्त्र लैङ्गिक समानता तथा सामाजिक समावेशी हुने गरी सुधार गर्ने ।**

- योजना प्रक्रिया: गाउँपालिका तथा मातहतका निकाय एवं संचालित आयोजना निजी क्षेत्र, गैरसरकारी क्षेत्रको, एकीकृत योजना तयार गर्ने ।
- बजेट : स्वीकृति एकीकृत योजना तयार गर्ने।
- बजेट बाडफाड : लैससासको भावना समेटी महिला र बन्चितिकरणमा परेकाहरुका लागि बजेटको व्यवस्था गर्ने ।



CamScanner

**रणनीति ६ गाउपालिका सँग सम्बन्धित विभिन्न नीतिहरुको लैससास का दृष्टिकोणले पुनरावलोकन गर्ने ।**

- विकेन्द्रीकरण र क्षेत्रगत निक्षेपण नीति अनुसार लेखा जोखा गर्दा बन्चितिमा परेका समुहहरुलाई सम्बोधन गरी रुपान्तरण गर्न सहयोग गर्ने ।
- महिला तथा बन्चितिमा परेकाको आवश्यकतालाई सम्बोधन गर्ने
- शक्ति सम्पन्न र बन्चितिमा परेका समुदायहरु बीचको शक्ति सम्बन्धको रुपान्तरण गर्ने ।
- सामाजिक सुरक्षा नीति को आफ्नो स्थानीय तहमा अवस्था अनुसार पुनरावलोकन गर्ने।
- आन्तरिक स्रोतको अधिकताम परिचालन र थप आवश्यक भएको संघ सरकार र प्रदेश सरकार बाट माग गर्ने ।

**रणनीति ७ केन्द्रिय एवं प्रदेश सरकारबाट कार्यक्रम माग गर्न एवं संचालन गर्न पालिकाको क्षमता विकास गने ।**

- लैससास मुल प्रवाहीकरणका लागि संघ सरकार र प्रदेश सरकार बाट कार्यक्रम माग गर्ने ।
- लैसासास को बर्तमान नीति र अवस्थाको समिक्षा गरी कार्यान्वयनमा ल्याउने ।
- लैसासासका कार्यरत संघ संस्थाहरुको संयुक्त योजना तर्जुमा गरी कार्य गर्ने गराउने ।

## १.७ कार्यनीति (Working Policy)

- नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४अनुसार समेत कार्यक्रमको लाभान्वितहरुको महिलाको संख्या ३३ प्रतिशत हुनुपर्ने व्यवस्था मिलाउने ।
- लैङ्गिक व्यवस्थापन तथा सूचना लागु गर्न लैङ्गिक समानता का लगि तयार गरेका नीतिहरुमा समय सापेक्ष सुधार गर्ने व्यवस्था गरी प्रभावकारी मुल्याङ्कन गर्ने ।



CamScanner

- गाउँपालिकामा योजना तथा कार्यक्रमको तर्जुमा कार्यान्वयन अनुगमन र मूल्याङ्कनमा पछाडी परेका महिला, बालबालिका, दलित ,आदिबासी, जनजाती अपाङ्गता भएका र पछाडी पारिएका समुदायको सहभागिता सुनिश्चतगर्ने र महिलाको सहभागिता कम्तिमा३३ प्रतिशत सुनिश्चित गर्ने ।
- महिलाहरुको शसक्तीकरण गरी पालिका क्षेत्रमा उनीहरुको सहभागिता र क्रियाशिलतालाई बढाइनेछ ।
- पालिकाका क्षेत्रमा महिला र बन्चितिमा परेका समुदायहरुलाई आभारभुत सेवाहरु प्रदान गर्न विशेष सयन्त्र निर्माण गर्ने ।
- सामाजिक परिचालनका माध्यामबाट महिला र वन्चितिकरणमा परेका समुदायहरुको विकास गर्ने कार्य अगाडी बढाइनेछ ।



CamScanner

## अध्याय २

## लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीतिको

## कार्यान्वयन तथा अनुगमन

### २.१ लैससास नीतिको कार्यान्वय

लैङ्गिक समानता र सामाजिक समावेशीकरण लैससास नीतिको कार्यान्वयन पक्ष एवं सुदृढ एवं बहुपक्षीय साझेदारी र समन्वयको आवश्यकता देखिन्छ।

लैससास मूल प्रवाहीकरणका लागि संयन्त्र

गाउँपालिकाले लैसासासको मुल प्रवाहीकरणका लागि सामाजिक विकास शाखा स्थापना गरी त्यस शाखा अन्तरगत तोकी कार्यरत कर्मचारीलाई सम्पर्क व्यक्ति यअबि एभचकयल तोकी लैससासका सवालहरुलाई सम्बोधन गर्न सहज बनाइनेछ। त्यस शाखा अन्तरगत कार्यक्रम एवं आवश्यक स्रोत व्यवस्थापन गर्ने छ। जसमा निम्नानुसार गतिविधीहरुमा जोड दिइनेछ।

- पालिकामा रहेको लैससास शाखाको सुदृढीकरण गर्ने।
- लैससास कार्यान्वयन समितिको स्थापना गर्ने।
- पालिकामा समावेशी एकीकृत समिति गठन गर्ने।
- वडा र समुदाय स्तरमा लैससास मुल प्रवाहीकरणको व्यवस्था गर्ने।

### २.२ लैससासको अनुगमन प्रतिवेदन

लैससासको अनुगमन र प्रतिवेदनका लागि तपशिलका विगय एवं सूचना समेटिएको प्रतिवेदन तयार गरिनेछ

- गिरबी लिङ्ग जातजाती का आधारमा खण्डीकृत तथ्यकङ्क एवं सूचनाहरु
- लैससास अनुगमन र प्रतिवेदन निम्न विषय समेटिएको हुनेछ।
- सम्पत्ति तथा सेवा सुविधा भएको परिवर्तन
- प्रवाह पार्ने आवाज एवं क्षमतामा आएको परिवर्तन
- औपचारिक एवं अनौपचारिक नीतिहरु र व्यवहारमा आएको परिवर्तन।

#### २.२.१ लैससास शाखा



CamScanner

गाउँपालिकामा सामाजिक विकास शाखाले लैससास को समेत कार्य गर्नेछ । यस शाखाले लैससासको दृष्टसकोणले योजनागत रुपमा प्रगतिको सुपरीवेक्षण एवं लेखाजोखा गर्नेछ ।

## २.२.२ लैससास कार्यान्वयन समिति

गाउँपालिकामा लैससास समितिले एकीकृत योजना तर्जुमा समितिका प्रतिवेदन को विश्लेषण गर्नेछ र सो बाट प्राप्त अनुभव एवं सूचनालाई विकास कार्यक्रमा समायोजन गर्नेछ । महिला बालबालिका तथा बन्चितिमा परेका समुहका लागि हुने बजेट खर्च कार्यक्रम तथा आयोजनाहरुको प्रगति एवं प्रतिवेदनको आधारमा खण्डीकृत सूचना तयार गर्ने र महिला तथा बन्चितिकरणमा परेकाहरुको प्रगतिका लागि समग्र उपलब्धीलाई आधार मानिनेछ । यस समितिमा तपशिल बमोजिमका सदस्यहरु रहनेछन् ।

क) गाउँपालिकाको अध्यक्ष -संयोजक

ख) गाउँपालिकाको उपाध्यक्ष -सदस्य

ग )प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ) सामाजिक विकास समितिको -सदस्य

ङ) कार्यपालिका सदस्यहरुमध्ये कम्तिमा २ जना महिला सहित संयोजकले तोकेका तीन जना –सदस्य

च) सामुदायिक संघसंस्थाहरुमध्येबाट संयोजकले तोकेका तीन जान -सदस्य

छ) सामाजिक विकास शाखा प्रमुख –सदस्य सचिब

## २.२.३ सुपरीवेक्षण तथा अनुगमन समिति गाउपालिका तहमा

सुपरीवेक्षण समितिले योजनाहरुको सुपरीवेक्षण र अनुगमन गर्ने एवं संयुक्त अनुगमन सहयोग गर्ने, विवाद सम्झौतामा सहयोग गर्ने, सोको प्रतिवेलन तयार पार्न समेत सहयोग गर्ने । र यस अनुगमन समितिमा तपशिल बमोजिमका संयोजक तथा सदस्यहरु रहनेछन् ।

क) गाउँपालिकाको उपाध्यक्ष -संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

ग) सामाजिक विकास समितिको -सदस्य

घ) स्वास्थ शाखा प्रमुख -सदस्य



CamScanner

ङ )सामाजिक विकास शाखा प्रमुख –सदस्य सचिब

## २.२.४ सामुदायिक संस्थाहरु वस्ती तथा वडा स्तरमा

समुदायस्तरको खण्डीकृत सूचना राख्ने सुचनाका आधारमा प्रतिवेदन तयार गर्ने र परिवर्तनको लेखाजोखा गर्ने । कार्यक्रम भएको अवरोधहरुको अनुगमन गर्ने र पहुँचमा वृद्धि गर्न सहयोग गर्ने । यस समितिमा तपशिल बमोजिमका संयोजक तथा सदस्यहरु रहनेछन् ।

क) सम्बन्धित वडाको वडा अध्यक्ष -संयोजक

ख) वडा समितिका सदस्य मध्यबाट वडा अध्यक्षले मनोनित गरेको एकजना वडा सदस्य -सदस्य

ग) सामुदायिक संघसंस्थाहरुमध्येबाट संयोजकले तोकेका एक जान -सदस्य

घ) वडा भित्र रहेको स्वास्थ्यचौकी/इकाई प्रमुख -सदस्य

ङ) वडा सचिव –सदस्य सचिब

## २.२.५ विभिन्न निकायहरुको भूमिका

- राष्ट्रिय योजना आयोगले लैससास केन्द्रमा राखेर अनुगमन र लेखाजोखा प्रणालीको ढाचा तयार गर्न सहयोग गर्ने ।
- समुदायस्तरमा चौमासिक रुपमा प्रगति समीक्षा गर्ने ,एकीक योजना तर्जुमा, समितिले सामाजिक परिचालन अनुगमन गर्ने ,लैससास समितिले नियमित समिक्षा प्रगतिको लेखाजोखा अनुगमन गर्ने
- समुदाय वडा र पालिका स्तरमा अर्धवार्षिक रुपमा सार्वजनिक सुनुवाई, प्रतिवेदन तयारी एवं प्रस्तुती गर्ने ।
- समुदाय वडा र पालिका स्तरमा वार्षिक रुपमा सार्वजनिक परीक्षण, प्रतिवेदन तयारी एवं प्रस्तुती गर्ने ।

**आज्ञाले,**
**रुपेश कुमार शर्मा बराल**
**प्रमुख प्रशासकीय अधिकृत**



CamScanner